## परिच्छेद - ७

## काज, पदाधिकार, कायम मुकायम र सरुवा

६१. **काज :**

(१) समितिका पदाधिकारी वा कर्मचारीलाई केन्द्रको काममा नेपाल अधिराज्यभित्र वा बिदेशमा समेत काज खटाउन सकिने छ।

(२) उप-नियम (१) बमोजिम काज खटाउदा सो काजको अवधि काज खटाउँदा नै किटान गरिनेछ।

❖ (३) केन्द्रको कामको सिलसिलामा समितिका सदस्य र कार्यकारी निर्देशकलाई स्वदेश तथा बिदेशमा काजमा खटाउदा अध्यक्षले खटाउन सक्नेछ।

❖ (४) केन्द्रको कामको सिलसिलामा कर्मचारीहरुलाई स्वदेश वा बिदेशमा कार्यकारी निर्देशकले काज खटाउन सक्नेछ। तर बिदेशमा काज खटाउनु पूर्व मन्त्रालयको सहमति लिनु पर्नेछ।

(५) कार्यकारी निर्देशकले काज खटाउने अधिकार आफू मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ।

(६) समितिको अध्यक्षलाई मन्त्रालयले काजमा खटाउन सक्नेछ।

♥ (७) नेपाल राज्य भित्र केन्द्रको कामको सिलसिलामा कर्मचारीलाई काज खटाउदा बढीमा तीन महिनासम्म मात्र काज खटाउन सकिनेछ। तीन महिना भन्दा बढि काजमा खटाएमा काजमा खटाउने पदाधिकारीवाट त्यस्तो बढि अवधिको तलब भत्ता असुल उपर गरिनेछ।"

६२. **पदाधिकार कायम रहने :**

देहायको अवस्थामा केन्द्रका कर्मचारीको आफ्नो पद माथीको पदाधिकार कायम रहनेछ।

(१) त्यस पदमा कामकाज गरिरहँदा सम्म,

(२) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाउने म्यादसम्म,

(३) बिदामा रहेको बखत,

(४) निलम्बनमा नरहेको बखत,

---

❖ पहिलो संशोधनद्वारा संशोधित

♥ पहिलो संशोधनद्वारा थप

(५) केन्द्रको काममा खटाइएको बखत वा कुनै अन्य पदमा कायम मुकायम भई काम गरेको बखत।

तर केन्द्रको कुनै कर्मचारीलाई नेपाल सरकारले कार्यकारी निर्देशक वा कुनै संस्थाको संस्था प्रमुखमा नियुक्त गरेमा यस्तो कर्मचारीको पदाधिकार केन्द्रमा कायम रहने छैन।

६३. **कायम मुकायम :**

(१) केन्द्रको रिक्त वा पदाधिकार रहेको पदमा कार्यकारी निर्देशकले एक तह मुनिको कर्मचारीलाई कायम मुकायम मुकरर गर्न सक्नेछ।

❖(२) उपनियम (१) बमोजिम कायम मुकायम मुकरर गर्दा केन्द्रको कार्यकारी निर्देशक र केन्द्र अन्तर्गतको कार्यालय प्रमुख पदमा मात्र कायम मुकायम मुकरर गर्न सकिनेछ।

(३) कार्यकारी प्रमुखले निम्न आधारमा मात्र कायम मुकायम मुकरर गर्न सक्नेछ।

(क) समान्यतया जेष्ठ कर्मचारीलाई कायम मुकायम मुकरर गरिनेछ।

❖ (ख) उपनियम (१) बमोजिम रिक्त रहेको पदमा उपनियम (२) बमोजिम कायम मुकायम मुकरर गर्दा बढीमा छ महिनासम्मको लागि मात्र कायम मुकायम मुकरर गर्न सकिनेछ। यसरी कायम मुकायम मुकरर गर्दा छ महिना भन्दा बढी भएमा त्यस्तो कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट बढि भुक्तानी गरिएको तलब भत्ता असुल उपर गरिनेछ।

६४. **निमित्त भई काम गर्ने :**

कार्यकारी निर्देशक वा कार्यालय प्रमुख कुनै कारणले थोरै अवधिको लागि अनुपस्थित भएमा जेष्ठतम कर्मचारीले निमित्त भई काम गर्नेछ।

६५. **कायम मुकायम वा निमित्त भई काम गर्दाको उत्तरदायित्व :**

कायम मुकायम वा निमित्त भई गरेको सम्पूर्ण काम कारवाहीको उत्तरदायित्व का.मु. वा निमित्त भई काम गर्ने कर्मचारी कै हुनेछ।

६६. **कायम मुकायम वा निमित्त भई काम गरेको तलब भत्ता पाउने :**

कुनै पदमा कायम मुकायम भई वा पन्ध्र दिन भन्दा बढी अवधि निमित्त भई काम

---

❖ पहिलो संशोधनद्वारा संशोधित

गरेकोमा त्यसरी काम गर्ने कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता काम गरेको मितिदेखि पाउनेछ। तर कायम मुकायम वा निमित्त भई काम गर्ने कर्मचारीले पाउने तलब भत्ता निजले एक तह माथिको पदमा बढुवा पाएमा पाउने तलब भत्ता भन्दा बढी हुने छैन।

६७ <u>सरुवा :</u>

(१) केन्द्रका कर्मचारीलाई एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा गर्दा कार्यकारी निर्देशक वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकृतले गर्न सक्नेछ।

(२) सरुवा भएको कर्मचारीले सरुवा भएको कार्यालयमा हाजिर हुन जानको लागि बाटोको म्याद बाहेक ७(सात) दिनको तयारी म्याद पाउनेछ।

## परिच्छेद–८

## तलब, संचयकोष तथा अन्य सुविधा

६८. **तलब भत्ताको स्केल :**
केन्द्रका कर्मचारीहरुको तलब भत्ताको स्केल नेपाल सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

६९. **तलब वृद्धि :**
(१) नयाँ नियुक्ति हुने स्थायी कर्मचारीले कार्यालयमा हाजिर भई काम गरेको र बढुवा हुने कर्मचारीले बढुवा पाएको मितिले एक बर्षको सेवा अवधि पुरा गरी सकेपछि आउँदो महिनाको १ गतेदेखि तलब वृद्धि (ग्रेड) पाउनेछ ।
(२) मिति २०५८।५।२० भन्दा अगाडि स्थायी नियुक्ति पाई उमेरको हदको कारणबाट अनिवार्य अवकाश हुने कर्मचारीलाई अवकाश हुँदा दुई तलव वृद्धि थप गरी अवकाश दिईनेछ ।
♥(३) प्रत्येक आर्थिक बर्षको शुरुमा नै वार्षिक तलबी प्रतिवेदन प्रशासन शाखा मार्फत कार्यकारी निर्देशकले समितिबाट पारित गराउनु पर्नेछ ।

७०. **पकाएको तलब भत्ता पाउने :**
(१) केन्द्रका कर्मचारीले आफ्नो पदमा वहाली गरेको दिनदेखि महिना भुक्तान भएपछि तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ ।
(२) कर्मचारीले केन्द्रमा काम गरी पकाएको तलब भत्ता निज जुनसुकै कारणबाट बर्खास्त भएमा पनि पाउनेछ । तर निज कर्मचारी उपर केन्द्रको कुनै रकम बाँकी भएमा त्यस्तो रकम असूल उपर गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

७१. **बढुवा हुँदा पाउने तलब भत्ता :**
बढुवा हुँदा कर्मचारीले बढुवा भएको पदको शुरु तलब स्केल बमोजिम तलब भत्ता पाउनेछ । तर साविक पदमा नै खाईपाई आएको तलब बढी भएमा यसरी बढी भएको रकम नयाँ ग्रेडबाट मिलान गरिनेछ ।

---
♥ पहिलो संशोधनद्वारा थप

७२. **अतिरिक्त समय काम लगाउने :**

(१) केन्द्रको आवश्यकता अनुसार कर्मचारीहरुलाई अतिरिक्त समयमा काममा लगाउन सकिनेछ । यसरी अतिरिक्त समयमा काम लगाए वापत कार्यालय समय बाहेक कम्तिमा दुई घण्टा भन्दा बढि समय काम गरेको अवस्थामा मात्र समितिले तोके बमोजिम अतिरिक्त समय भत्ता दिइनेछ ।

(२) अतिरिक्त समय भत्ता सम्बन्धी अन्य कुराहरु समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७३. **संचय कोष :**

स्थायी कर्मचारीको मासिक तलबको दश प्रतिशत रकम संचयकोष वापत कट्टा गरी सो रकममा केन्द्रबाट शत प्रतिशत थप गरी कर्मचारी संचयकोषमा जम्मा गरिनेछ ।

७४. **उपदान :**

(१) केन्द्रमा पाँच बर्ष वा सो भन्दा बढी अवधि स्थायी सेवा गरेको कर्मचारीले अवकाश पाएमा, राजिनामा स्विकृत गराई पदबाट अलग भएमा वा भविष्यमा नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहाय बमोजिमको उपदान पाउनेछ :

(क) पाँच बर्षदेखि दश बर्षसम्म सेवा गरेको कर्मचारीले काम गरेको प्रत्येक बर्षका निमित्त आखिरी आधा महिनाको तलब बराबरको रकम,

(ख) दश बर्षदेखि पन्ध्र बर्षसम्म सेवा गरेका कर्मचारीले काम गरेको प्रत्येक बर्षको लागि आखिरी एक महिनाको तलब बराबरको रकम,

(ग) पन्ध्र वर्ष देखि बीस बर्षसम्म सेवा गरेका कर्मचारीले काम गरेको प्रत्येक बर्षको लागि आखिरी दुई महिनाको तलब बराबरको रकम,

(घ) बीस बर्ष देखि पच्चीस बर्षसम्म सेवा गरेका कर्मचारीले काम गरेको प्रत्येक बर्षको लागि आखिरी अढाई महिनाको तलब बराबरको रकम,

(ङ) पच्चीस बर्ष भन्दा बढी सेवा गरेको कर्मचारीले काम गरेको प्रत्येक बर्षको लागि तीन महिनाको तलब बराबरको रकम ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कर्मचारीलाई देहायको अवस्थामा उपदान दिइने छैन :

(क) केन्द्रको सेवामा वहाल रहने उद्देश्यले नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा,

(ख) भविष्यमा नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएकोमा र

(ग) अस्थायी वा करारमा नियुक्त गरिएकोमा ।

(३) कर्मचारी सेवामा छँदै मृत्यु भएमा नियम ७४(१) बमोजिम पाउने उपदान निजको निकटतम हकवालालाई एकमुष्ट प्रदान गरिनेछ ।

७५. **पारिवारिक उपदान :**

केन्द्रको सेवामा कार्यरत कुनै स्थायी कर्मचारीको मृत्यु भएमा नियम ७४ अनुसार पाउने उपदानको अतिरिक्त प्रति बर्षको थप पन्ध्र दिनको दरले हुन आउने रकम एकमुष्ट मृतकको निकटतम हकवालालाई उपलब्ध गराईनेछ ।

७६. **दशैं खर्च :**

(१) केन्द्रमा कार्यरत स्थायी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रति बर्ष दशैं खर्चको रुपमा पाउनेछ ।

(२) उक्त दशैं खर्च घटस्थापनाको पन्ध्र दिन अगावै लिन सकिनेछ ।

(३) ज्यालादारी तथा करार सेवाका कर्मचारीलाई दशैं खर्च दिइने छैन् ।

७७. **प्रोत्साहन पुरस्कार :**

(१) केन्द्रले कुनै पनि कर्मचारीलाई निम्न आधारमा प्रोत्साहन पुरस्कार दिन सक्नेछ :-

(क) विगत तीन बर्षको अवधिमा लगातार कार्य सम्पादन मूल्याँकनमा अति उत्तम अंक प्राप्त गरेको,

(ख) विगत तीन बर्षको अवधिमा प्रोत्साहन पुरस्कार प्राप्त नगरेको,

(ग) विगत तीन बर्षको अवधिमा कुनै प्रकारको सजाय नपाएको ।

(२) उप-नियम (१) बमोजिम दिइने प्रोत्साहन पुरस्कार निम्न बमोजिम हुनेछ :-

(क) बढीमा पाँच ग्रेड सम्म थप वा

(ख) बढीमा दश हजार रुपैयाँ सम्म नगद पुरस्कार ।

(३) प्रोत्साहन पुरस्कारको लागि बर्षको एक पटक मात्र कारवाही चलाइनेछ ।

(४) यस्तो प्रोत्साहन पुरस्कार सम्बन्धित कर्मचारीको प्रशासन महाशाखा प्रमुखको सिफारिशमा कार्यकारी निर्देशकले दिन सक्नेछ ।

(५) प्रोत्साहन पुरस्कार सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

७८. **औषधोपचार :**

(१) केन्द्रको स्थायी कर्मचारी वा निजको परिवारको सदस्यको स्वास्थ्य उपचारका लागि देहाय बमोजिमका दरले हुन आउने रकम चौमासिक वा बार्षिक रुपमा नगद भुक्तानी गरिनेछ ।

(क) अधिकृतस्तरका कर्मचारीलाई मासिक खाईपाई आएको तलबको ९(नौ) प्रतिशतका दरले ।

(ख) अन्य कर्मचारीलाई मासिक खाईपाई आएको तलबको १०(दश) प्रतिशतका दरले ।

(२) उप-नियम (१) बमोजिम प्रदान हुने रकम अधिकृतस्तरको कर्मचारीको निमित्त नोकरी अवधि भरमा १ (एक) बर्ष र सहायक तथा तह बिहिन स्तरका कर्मचारीको हकमा नोकरी अवधि भरमा अठार महिना बराबरको खाईपाई आएको तलबमा नबढाई भुक्तानी गरिनेछ ।

(३) उप-नियम (२) बमोजिम केन्द्रका स्थायी कर्मचारीले अवकाश, राजीनामा स्वीकृति गराई सेवाबाट अलग भएमा वा भविष्यमा केन्द्रको निमित्त सामान्यतः अयोग्य नठहरिने गरी सेवाबाट अलग भएमा उप-नियम (२) बमोजिमको सीमाको फरक रकम दामासाहीको हिसावले लिन पाउनेछ। तर केन्द्रबाट अन्य कार्यालयमा सरुवा भएको कर्मचारीलाई यस किसिमको फरक रकम दिइने छैन ।

(४) केन्द्रमा कार्यरत स्थायी कर्मचारीलाई कडा रोग लागी अस्पताल भर्ना हुनुपर्ने स्थिति परेमा उपचार गर्दा लागेको खर्चको विलको ५०% प्रतिशतसम्म रकम पेश्की स्वरुप दिन सकिनेछ । तर सो पेश्की निजको खाइपाई आएको तलबको ६ महिना बराबरको रकम भन्दा बढी हुने छैन। उक्त पेश्की रकम निजले प्राप्त गर्ने औषधोपचार रकमबाट फछ्र्यौट गरिनेछ। तर पेश्की फछ्र्यौट नहुँदै निजको मृत्यु भएमा बाँकी पेश्की रकम मिन्हा हुनेछ। सो को अभिलेख केन्द्रको आर्थिक प्रशासन शाखाले राख्नु पर्नेछ।

(५) कर्मचारी सेवामा छँदै मृत्यु भएमा यस नियम बमोजिम पाउने औषधोपचार निजको निकटतम हकवालालाई एकमुष्ट प्रदान गरिनेछ ।

(६) केन्द्रमा कार्यरत स्थायी कर्मचारीलाई कडा रोग लागि नेपाल अधिराज्यभित्र औषधोपचार हुन नसक्ने भनी सरकारी मेडिकल बोर्डले सिफारिश गरेको कर्मचारीलाई समितिले उचित ठहऱ्याएको थप आर्थिक सहायता दिन सक्नेछ ।

७९. **बीमा :**

कर्मचारीले केन्द्रको कामको सिलसिलामा मुलुक भित्र वा बाहिर भ्रमण गर्दा भ्रमण अवधि भरको लागि सात लाख पच्चास हजार रुपैयाँ सम्मको दुर्घटना बीमा गराउनका लागि लाग्ने खर्च केन्द्रबाट पाउनेछ ।

८०. **तह बिहिन कर्मचारीहरुको लुगाको व्यवस्था :**

❖ (१) केन्द्रमा कार्यरत तहबिहीन स्थायी कर्मचारीलाई प्रतिवर्ष दुईजोर तयारी लुगा र एक एक जोर जुत्ता तथा मोजा दिइनेछ। जाडोको लागि प्रत्येक वर्ष एउटा स्वीटर वा ज्याकेट उपलव्ध गराइनेछ ।

❖ (२) उपनियम (१) बमोजिम लुगा पाउने कर्मचारीले कार्यालयमा आउँदा त्यस्तो लुगा अनिवार्य रुपमा लगाउनु पर्नेछ। अन्यथा अर्को वर्ष प्रदान गरिने छैन।

❖ (३) केन्द्रमा कार्यरत तहबिहीन कर्मचारीहरुलाई आवश्यकतानुसार वर्षको एकपटक एकजोर रेनकोट वा छाता र वाटरप्रुफ झोला प्रदान गरिनेछ।

८१. **सापटी सुविधा :**

केन्द्रको कुनै कर्मचारीले अत्यावश्यक घरायसी कार्यको निमित्त सापटी रकम माग गरेमा कार्यकारी निर्देशकले बजेट स्थितिलाई विचार गरी एक आर्थिक बर्षमा निजले खाइपाई आएको ६ महिना तलब बराबरको एकमुष्ट रकम सापटी दिन सक्नेछ। यस्तो सापटी रकम सोही आर्थिक वर्ष भित्र फछ्र्यौट गरी सक्नु पर्नेछ।

८२. **अन्य भत्ता र सुविधा :**

केन्द्रमा कार्यरत कर्मचारीलाई दिइने अन्य भत्ता तथा सुविधा नेपाल सरकारको स्वीकृति लिई समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

---
❖ पहिलो संशोधनद्वारा संशोधित